# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम, नेपाल

## प्रदेश निजामती सेवाका सहायक पाँचौ तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

सूचना नं. १२३/२०८१-८२ प्रकाशन मितिः २०८१/८/२७

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(च) दरखास्त दस्तुर सहायक पाँचौ तहको लागि रु.४००/- (चार सय) बुझाउनु पर्नेछ ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

(ज) दरखास्त दिने अन्तिम मितिः २०८१/९/१७ र दोब्बर दस्तुर तिरी २०८१/९/२४ सम्म

**सहायक पाँचौ तह (अप्राविधिक/ प्राविधिक पद)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह, तह | पद संख्या |
|---|---|---|---|
| १ | ६०/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन, सहायक पाँचौ तह | ६ (छ) |
| २ | ६१/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल, सहायक पाँचौ तह | २ (दुई) |
| ३ | ६२/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे, सहायक पाँचौ तह | ६ (छ) |
| ४ | ६३/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन, सहायक पाँचौ तह | १ (एक) |
| ५ | ६४/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट, सहायक पाँचौ तह | ३ (तीन) |
| ६ | ६५/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल, सहायक पाँचौ तह (ल्याब टेक्निसियन पद) | २ (दुई) |
| ७ | ६६/२०८१-८२ | इञ्जिनियरिङ्ग, मेकानिकल, जनरल मेकानिकल, सहायक पाँचौ तह | ३ (तीन) |
| ८ | ६७/२०८१-८२ | वन, जनरल फरेष्ट्री, सहायक पाँचौ तह | ६ (छ) |

## प्रदेश निजामती सेवाका सहायक पाँचौ तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.: १२४/२०८१-८२ प्रकाशन मितिः २०८१/८/२७

प्रदेश निजामती सेवाका सहायक पाँचौ तहमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| अ) अप्राविधिक सहायक पाँचौ तह | | | | | | |
| १ | ६८/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | खुला | | ४ | ४ (चार) |
| | | प्रशासन, लेखा | खुला | | १ | १ (एक) |
| | | | | **जम्मा** | **५** | **५ (पाँच)** |
| २ | ६९/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | १ | १ (एक) |
| ३ | ७०/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | मधेशी | | १ | १ (एक) |
| ४ | ७१/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | दलित महिला | | १ | १ (एक) |
| ५ | ७२/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | आ.ज. | | १ | १ (एक) |
| ६ | ७३/२०८१-८२ | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | | १ | १ (एक) |
| आ) प्राविधिक सहायक पाँचौ तह | | | | | | |
| १ | ७४/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | | १ | १ (एक) |
| | | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | | | ४ | ४ (चार) |
| | | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | | | १ | १ (एक) |
| | | | | **जम्मा** | **६** | **६ (छ)** |
| २ | ७५/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | मधेशी | | १ | १ (एक) |
| | | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | | | १ | १ (एक) |
| | | | | **जम्मा** | २ | **२ (दुई)** |
| ३ | ७६/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | दलित महिला | | १ | १ (एक) |
| ४ | ७७/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | मुस्लिम महिला | | १ | १ (एक) |
| ५ | ७८/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | अन्तर सेवा | | १ | १ (एक) |
| ६ | ७९/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | | २ | २ (दुई) |
| ७ | ८०/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेशी | | १ | १ (एक) |
| ८ | ८१/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट | अन्तर सेवा | | १ | १ (एक) |
| ९ | ८२/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल (ल्याब टेक्निसियन पद) | खुला | | १ | १ (एक) |
| १० | ८३/२०८१-८२ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल (ल्याब टेक्निसियन पद) | दलित महिला | | १ | १ (एक) |

